**कावासोती नगरपालिका**

**शिक्षा शाखा**

**दरवन्दी मिलान२०७७**

कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय लिम्बादिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

१. शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ शिक्षा नियमावली अनुसुची १२ र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७६।११।१२, २०७७।०५।२९ को पत्र समेतको आधारमा तहगत रुपमा रहेको स्वीकृत दरवन्दी, राहत दरवन्दी र तोकिएको आवश्यक दरवन्दीलाई आधार मानी दरवन्दी कायम गरीएको छ ।

२. शैक्षिक सत्र २०७६ को Flash 1st को आधारमा विद्यालयको विद्यार्थी संख्या र शिक्षक संख्याको अनुपातमा दरवन्दी कायम गरीएको छ ।

३. प्रा.वि. (कक्षा १-३ र कक्षा १-५), नि.मा.वि, मा.वि. (कक्षा ९-१० र कक्षा ११-१२)गरी तहगत रुपमा रहेका विद्यार्थी संख्या र जम्मा शिक्षक संख्याको अनुपातमा दरवन्दी कायम गरीएको छ ।

४. राहत शिक्षकलाई दरवन्दीका रुपमा नै दरवन्दी मिलानमा समावेश गरीएको छ ।

५. विशेष शिक्षा संचालन गरेको २ विद्यालयहरु श्री शिव माध्यमिक विद्यालय र जनता माध्यमिक विद्यालय मगरकोटमा विशेष शिक्षा तर्फ बिशेष शिक्षकको रुपमा जिम्मेवारी लिइ कामकाज गर्दै आएको शिक्षकको दरवन्दीलाई मिलानमा समावेश गरीएको छैन । (यो अवस्था श्री जनता मा वि मगरकोटमा मात्र रहेको)।

कायम गरीएको दरवन्दी, पुलमा रहेको दरवन्दी र आवश्यक दरवन्दीको अवस्था

| प्रा वि तर्फ | दरवन्दी संख्या | नि.मा वि तर्फ | दरवन्दी संख्या | |
|---|---|---|---|---|
| स्वीकृत दरवन्दी | १४४ | स्वीकृत दरवन्दी | २८ | |
| राहत दरवन्दी | ५२ | राहत दरवन्दी | ४१ | |
| जम्मा दरवन्दी | १९६ | जम्मा दरवन्दी | ६९ | |
| पुलमा रहने दरवन्दी | २० | थप कायमहुने दरवन्दी | ३२ | |
| जम्मा कायमहुने दरवन्दी | १७६ | जम्मा कायमहुने दरवन्दी | १०१ | |
| | | | | |
| मा. वि. तर्फ | दरवन्दी संख्या | उ. मा. वि. तर्फ | दरवन्दी संख्या | |
| स्वीकृत दरवन्दी | २३ (२४) | स्वीकृत दरवन्दी | ६ | |
| राहत दरवन्दी | ३६(३७) | राहत/ अनुदान दरवन्दी | १४ | |
| जम्मा दरवन्दी | ५९(६१) | जम्मा दरवन्दी | २० | |
| थप कायम हुने दरवन्दी | ४८ | थप कायम हुने दरवन्दी | १३ | |
| जम्मा कायमहुने दरवन्दी | १०९ | जम्मा कायमहुने दरवन्दी | ३३ | |

प्रा.वि. तह तर्फ(कक्षा १-५)

जम्मा विद्यार्थी संख्याः ३३८५ र कायम रहने दरवन्दीः १७६ लाई आधारमानी देहायको आधारमा शिक्षक दरवन्दी मिलान गरीएको छ ।

| संचालित कक्षा | विद्यार्थी संख्या | शिक्षक संख्या | |
|---|---|---|---|
| १-३ | जति भए पनि | २ जना | न्यूनतम दरवन्दी |
| १-५ | २० जना सम्म | २ जना | |
| | २१ देखि ५० जना सम्म | ३ जना | |
| | ५१ देखि ८० जना सम्म | ४ जना | |
| | ८१ देखि १३० जना सम्म | ५ जना | |
| | १३१ देखि १८० जना सम्म | ६ जना | |
| | १८१ देखि २३० सम्म | ७ जना | |
| | २३१ देखि माथी | ८ जना | |

नि.मा.वि. तह तर्फ (कक्षा ६-८)

जम्मा विद्यार्थी संख्याः ३१६२ र कायम रहने दरवन्दीः १०१ लाई आधारमानी देहायको आधारमा शिक्षक दरवन्दी मिलान गरीएको छ ।

| विद्यार्थी संख्या | शिक्षक संख्या | |
|---|---|---|
| १०० भन्दा कम भएमा | ३ जना | न्यूनतम दरवन्दी |
| १०० देखि १४० जना सम्म | ४ जना | |
| १४१ देखि १९० जना सम्म | ५ जना | |
| १९१ देखि २७० जना सम्म | ६ जना | |
| २७१ देखि ३७० जना सम्म | ७ जना | |
| ३७१ देखि माथी | ८ जना | |

मा.वि. तह तर्फ (कक्षा ९-१०)

जम्मा विद्यार्थी संख्याः २३१० र कायम रहने दरवन्दीः १०८ लाई आधारमानी देहायको आधारमा शिक्षक दरवन्दी मिलान गरीएको छ ।

| विद्यार्थी संख्या | शिक्षक संख्या | न्यूनतम दरवन्दी |
|---|---|---|
| ८० भन्दा कम भएमा | ५ जना | |
| ८० देखि १२० जना सम्म | ६ जना | |
| १२१ देखि १८० जना सम्म | ७ जना | |
| १८१ देखि २४० जना सम्म | ८ जना | |
| २४१ देखि ३०० जना सम्म | ९ जना | |
| ३०१ देखि ३६० जना सम्म | १० जना | |
| ३६१ देखि माथी | ११ जना | |

उ.मा.वि. तह तर्फ (कक्षा ११-१२)

जम्मा विद्यार्थी संख्याः ८३२ र कायम रहने दरवन्दीः ३३ लाई आधारमानी देहायको आधारमा शिक्षक दरवन्दी मिलान गरीएको छ ।

- कक्षा ११ र १२ संचालित ११(एघार) वटा विद्यालयहरुलाइ न्यूनतम ३ दरवन्दी पर्ने गरी समानुपातिक वितरण गर्ने ।

## पुलमा रहने र विद्यार्थी शिक्षक अनुपातको आधारमा पुन वितरण (मिलान)गर्नुपर्ने दरवन्दी सम्वन्धमा

क) प्रा वि तहमा न्यूनतम दरवन्दी (दुइ) सबैमा व्यवस्था हुने गरी दरवन्दीलाई मिलान गरिएकोछ । (५ विद्यालय)

ख) नि मा तहमा न्यूनतम दरवन्दी (तीन) सबैमा व्यवस्था हुने गरी दरवन्दीलाई मिलान गरिएकोछ ।तर तीन दरवन्दी पुर्याउन २ थप्नुपर्ने विद्यालयमा हाललाइ १ दरवन्दी थप्ने । (४ विद्यालय )

ग) प्रा वि, नि मा वि र मा वि तहमा गरी कुल अपुग दरवन्दी सख्या समेतलाई ध्यानमा राखी दरवन्दी मिलान गरिएको तर प्रा वि तहमा न्यूनतम दरवन्दी पुगी मा वि तहमा विद्यार्थी सख्याको आधारमा वढी हुनआएको दरवन्दी अन्य विद्यालयमा समायोजन गरिएकोछ । (शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७६, दफा ३ खण्ड घ)

घ) सबैतहबाट काटिने दरवन्दी नगरपालिकाको पुलमा राखी मिलानमापदण्ड अनुसार वितरण गरिनेछ ।

ड) हाललाई पुलमा रहेको दरवन्दी वितरण गर्दा ख र ग मापदण्डअपनाईको विद्यालयमा नि मा र मा वि तहको दरवन्दी प्राप्त भएका खण्डमा हाल वितरण गरिएको सख्यामा प्रा वि पुल अन्यत्र विद्यालयमा पुन वितरण गरिनेछ ।

## माध्यमिक तहमा दरवन्दी व्यवस्थापनका आधारहरु

विद्यार्थी शिक्षक अनुपातको आधारमा माध्यमिक तहमा बढी शिक्षक दरवन्दी भएको विद्यालयबाट काटिने दरवन्दी र हाल सम्म वितरण हुन बाँकी मा वि दरवन्दी (स्वीकृत र राहत) लाईन्यूनतम दरवन्दी पनि नभएको र विद्यार्थी संख्याको आधारमा न्यून दरवन्दी रहेको विद्यालयमा मिलान गरिने । यसरी मिलान गर्दाएउटै विद्यालयमा अनिवार्य र एंच्छिक विषय दरवन्दी दोहोरीएको अवस्थामा अनिवार्य विषयको दरवन्दीलार् पहिला अन्य विद्यालयमा पठाउने गरी मिलान गरिनेछ । यसरी अन्य विद्यालयमा मिलान गर्नु पुर्वसम्वन्धित विद्यालय (दरवन्दी काटिने विद्यालय) सगसमन्वय गर्दैआवश्यक परेमा राय समेत लिइ दरवन्दी मिलान गरीने छ ।

## प्रावि पुल दरवन्दी (बढी हुने दरवन्दी)मिलान गर्दाका आधारहरु

- नियुक्ती मितिका आधारमा कनिष्ठ (हालमा कार्यरत स्वीकृत दरवन्दी वा राहत दरवन्दी जुनसुकैमा नियुक्ती मितिमा कनिष्ठ मध्येबाट
- न्युनतम १०+२ वा प्रविणता प्रमाणपत्र तह उर्तीण
- सम्वन्धीत शिक्षकको चाहाना (माथिका २ मापदण्डलाइ प्रधान महत्व दिइ तेश्रो मापदण्डका आधारमा)
- ख बर्गको अपांगता भएको शिक्षकलाई अनिवार्य नगरी ऐच्छिक गर्ने ।
- नि.मा तथा मा.वि तहमा बढीहुने दरवन्दी अन्य विद्यालयमा पठाउँदा दोहोरीएको विषयगत दरवन्दी बाट पठाउने ।

प्रकृयाः

1. दरवन्दी काटिने विद्यालयले समग्र दरवन्दी मिलान तथा व्यवस्थापन विवरण र शिक्षक मिलान मापदण्डका आधारमा कुन शिक्षक अन्य विद्यालयमा जानु पर्ने हो सो कुरा यकिन गरी नगरपालिका शिक्षा शाखामा मिति २०७७।०८।२८ भित्र विवरण पठाउने ।
2. विद्यालयबाट प्राप्त विवरणका आधारमा शिक्षा शाखाले तोकिएका विद्यालयहरुमा शिक्षकहरु खटाइ सोही अनुसारको विवरण अध्यावधिक गर्ने ।

## अन्तर सम्वन्धीत अन्य व्यवस्थाहरु

I. विद्यालय मर्ज हुँदाको अवस्थामाः

- शैक्षिक सत्र २०७७ का लागि तह तथा विद्यालय मर्जहुँदाको अवस्थामा पनि शिक्षक विद्यार्थी अनुपात हाल कायम गरे अनुसार नै रहने गरी दरवन्दी मिलान गर्ने ।

II. थप दरवन्दी तथा अनुदान प्राप्तहुँदाको अवस्थामाः

- संघ तथा प्रदेशबाट प्राप्त हुने दरवन्दी तथा अनुदान वितरण गर्दा संघ वा प्रदेशले तय गर्ने मार्गदर्शन तथा हाल दरवन्दी मिलान तथा व्यवस्थापन गर्दा लिइएको तथ्याँक र तय भएको थप गर्नुपर्ने शिक्षक संख्यालाइ आधार मानि गरीने छ तर आगामि शैक्षिक सत्र देखि नयाँ शैक्षिक तथ्याँकको आधारमा गरीने छ ।

III. कुनै शिक्षकलाइ कार्यालयको (नगर तथा जिल्ला कार्यालय) काममा खटिने गरी एक शैक्षिक सत्रलाइ कामकाज गराइएको सन्दर्भमा त्यस्तो विद्यालयमा विद्यार्थी संख्याको आधारमा अनुपातिकरुपमा प्राप्तहुने शिक्षक दरवन्दी सो शिक्षकलाइ गणना नगरी व्यवस्था गरीने ।

IV. प्रत्येक २/२ वर्षमा दरवन्दी मिलान कार्य गर्दै लगिनेछ ।

## पुलमा रहने र विद्यार्थी शिक्षक अनुपातको आधारमा पुन वितरण (मिलान)गर्नुपर्ने दरवन्दी र विद्यालय

| क.सं. | विद्यालयको नाम | प्रा.वि. तहकोशिक्षक न्यूनतालाई हेरी प्रदान गरिएको | नि.मा. तहको शिक्षक न्यूनतालाई हेरी प्रदान गरिएको | मा.वि. तहको शिक्षक न्यूनतालाई हेरी प्रदान गरिएका |
|---|---|---|---|---|
| १ | महाराजा आधारभुत विद्यालय | | २ | |
| २ | जलदेवी प्रा वि | १ | | |
| ३ | कालिका प्रा वि पिठाली | १ | | |
| ४ | माझी प्रा वि | १ | | |
| ५ | दुर्गा भवानी प्रा वि | १ | | |
| ६ | दिपेन्द्र आधारभुत विद्यालय | | २ | |
| ७ | नारायणी प्रा वि अमलटारी | १ | | |
| ८ | गोसाइबाबा आधारभुत विद्यालय | | २ | |
| ९ | जनता मा वि विष्णुनगर | | १ | २ |
| १० | जकल्याण मा वि १ | | १ | |
| ११ | शिव मा वि | | २ | |
| १२ | ज्ञानोदय मा वि | | २ | |
| १३ | जनकल्याण मा वि ८ | १ | | |
| १४ | जनता मा वि मगरकोट | १ | | २ |
| १५ | पिठाली आधारभुत विद्यालय | | १ | |
| १६ | चण्डेश्वरी मा वि | | १ | १ |
| १७ | सरस्वती मा वि गोछडा | | २ | २ |
| १८ | त्रिभुवन मा वि | | १ | २ |
| १९ | जनविकास आधारभुत विद्यालय | | १ | |
| २० | जीवनज्योती मा वि | | | १ |
| २१ | कालिका मा वि | | | १ |
| २२ | जनता मा वि त्रिभुवनटार | १ | | |

कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
... नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

| क्र.सं. | विद्यालयको नाम | प्रा वि तहबाट कटिने दरवन्दी संख्या | मा. वि. तहबाट काटिने दरवन्दी संख्या |
|---|---|---|---|
| १ | कालिका मा. वि. | १ | |
| २ | जनता मा वि मगरकोट | १ | |
| ३ | नारायणी प्रा वि पिठौली | २ | |
| ४ | नेपाल राष्ट्रिय प्रा वि पिठौली | १ | |
| ५ | सरस्वती जनजागृती प्रा वि | १ | |
| ६ | जनचेतना प्रा वि | १ | |
| ७ | जनता मा वि विष्णुनगर | २ | |
| ८ | जीवनज्योती मा वि | १ | |
| ९ | जनता मा वि त्रिभुवनटार | | १ |
| | जम्मा | १० | १ |

| माध्यामिक तहको दरवन्दी (स्वीकृत र राहत) प्राप्त गर्ने विद्यालय | | | |
|---|---|---|---|
| क्र स | विद्यालयको नाम | प्राप्त दरवनदी सख्या | दरवन्दी प्राप्त गर्नुको कारण |
| १ | जनकल्याण मा वि कावासोती ८ | १ (स्वीकृत दरवन्दी) | हाल सम्म मा वि दरवन्दी प्राप्त नगरेको |
| २ | चण्डेश्वरी मा वि कावासोती १५ | १ (स्वीकृत दरवन्दी) | न्यून मा वि दरवन्दी तुलनात्मक रूपमा विद्यार्थी सख्या बढी |
| ३ | जनकल्याण मा वि कावासोती १ | १ (राहत दरवन्दी) | न्यून मा वि दरवन्दी |

**प्रा वि तहबाट काटिएका दरबन्दीहरु तपशीलका विद्यालयमा थप हुनेछः**

| क्र सं | विद्यालयको नाम ठेगाना | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | जलदेवी प्रा वि कानपा १ | १ | |
| २ | माझी प्रा वि कानपा १५ | १ | |
| ३ | नारायणी प्रा वि अमलटारी कानपा १७ | १ | |
| ४ | कालिका प्रा वि पिठौली कानपा १३ | १ | |
| ५ | दुर्गा भवानी प्रा वि अग्यौली कानपा १५ | १ | |
| ६ | गोसाइबाबा आ वि कानपा १७ | १ | |
| ७ | दिपेन्द्र आ वि कानपा १६ | १ | |
| ८ | महाराजा आ वि कानपा १ | १ | |
| ९ | जनकल्याण मा वि कानपा ८ | १ | |
| १० | जनता मा वि त्रिभुवनटार डण्डा | १ | |
| | **जम्मा** | **१०** | |